राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५९ २०८३ भदौ ३१ गते बुधवार (16 Sep. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## गणेश चतुर्थी र ऋषिपञ्चमी आज एकैदिन

### जनकपुरधाममा गणेश जन्मोत्सवमा भक्तजनको भीड; सप्तऋषिको पूजासँगै तीज पर्व समापन



दैनिक समाचारदाता

जनकपुरधाम, ३० भदौ । हिन्दु धर्मावलम्बीको महत्वपूर्ण पर्व गणेश चतुर्थी र ऋषिपञ्चमी आज एकैदिन श्रद्धा तथा भक्तिपूर्वक मनाइँदैछ ।

गणेश चतुर्थीका अवसरमा देशभरका गणेश मन्दिरमा बिहानैदेखि पूजाआजा तथा दर्शनका लागि श्रद्धालु भक्तजनको भीड लागेको छ । जनकपुरधाममा पनि गणेश चतुर्थीका अवसरमा विशेष उत्सवको वातावरण देखिएको छ ।

जनकपुरधामको रामचोकस्थित गणेश मन्दिरमा गणेश युवा कमिटीको आयोजनामा गणेश जन्मोत्सव मनाइँदैछ । धनुषसागरको पश्चिमी तटमा रहेको गणेश मन्दिरमा चतुर्थी तिथिदेखि विधिपूर्वक पूजाआराधना सुरु गरिएको हो । पूजाका अवसरमा भजनकीर्तनलगायतका कार्यक्रमसमेत आयोजना गरिएको छ ।

धार्मिक ग्रन्थअनुसार भाद्र शुक्ल चतुर्थीका दिन भगवान गणेशको जन्म भएको मानिन्छ । शिवपुराणमा पनि यस तिथिलाई भगवान गणेशको अवतरण तिथिका रूपमा उल्लेख गरिएको छ ।

यसैगरी, आज ऋषिपञ्चमी पर्व पनि मनाइँदैछ । ऋषिपञ्चमीका अवसरमा महिलाहरू बिहानै उठेर नदी, खोला, तालतलैया तथा पोखरीमा स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गर्ने परम्परा छ ।

अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रलाई सप्तऋषिका रूपमा पूजा गरिने भएकाले भाद्र शुक्ल पञ्चमीलाई ऋषिपञ्चमी भनिएको हो ।

ऋषिपञ्चमीका अवसरमा काठमाडौंको टेकु, मूलपानीलगायत देशभरका विभिन्न ऋषि तथा गणेश मन्दिरमा श्रद्धालु महिलाको भीड लागेको छ ।

यस वर्ष गणेश चतुर्थी र ऋषिपञ्चमी एकैदिन परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृत पात्रोमा उल्लेख छ ।

यसैबीच, आइतबार दर खाएसँगै सुरु भएको तीज पर्वअन्तर्गत सोमबार भाद्र शुक्ल तृतीयाका दिन महिलाहरूले व्रत बसेर पूजा तथा उपासना गरेका थिए । आज ऋषिपञ्चमीमा सप्तऋषिको पूजा गरेसँगै यस वर्षको तीज पर्व पनि समापन भएको छ ।

# प्रेम सम्बन्धको विवादमा युवकको हत्या, चार पक्राउ

### घर बोलाएर हत्या गरी शव नौ टुक्रा पारेर सेफ्टी ट्याङ्कीमा लुकाएको प्रहरीको भनाइ; एक जना फरार

दैनिक समाचारदाता

महोत्तरी, ३० भदौ । प्रेम सम्बन्धको विवादमा महोत्तरीको बलवामा एक युवकको हत्या गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । घटनामा संलग्न भनिएका एक जना फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरीका अनुसार भंगहा नगरपालिका-६ का २२ वर्षीय विवेककुमार सरदारलाई बलवा नगरपालिका-७ बनौटास्थित एक घरमा बोलाएर हत्या गरी शव नौ टुक्रा पारेर सेफ्टी ट्याङ्कीमा लुकाइएको अवस्थामा फेला पारिएको हो ।



घटनामा बलवा नगरपालिका-७ बनौटाका ५८ वर्षीय अशोककुमार ठाकुर, उनकी ५० वर्षीया श्रीमती रामकली देवी, बुहारी २२ वर्षीया सोनु कुमारी ठाकुर र महोत्तरी गाउँपालिका-५ का २८ वर्षीय सियाराम शर्मालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । अशोककुमारका छोरा तथा सोनुका श्रीमान् जितेन्द्रकुमार ठाकुर भने फरार छन् ।

मृतक विवेक भदौ १५ गते जलेश्वर नगरपालिका-११ पिगौनास्थित दिदीको घरबाट बा.३१ प ६१३८ नम्बरको मोटरसाइकलमा भंगहास्थित घरतर्फ जाने क्रममा बाटोबाटै हराएका थिए । उनी हराएको भन्दै परिवारले भदौ १६ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दिएका थिए ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार निवेदन प्राप्त भएपछि प्रहरीले खोजतलाससँगै घटनाबारे अनुसन्धान अघि बढाएको थियो । सिसिटिभी फुटेज र प्राविधिक विश्लेषणका क्रममा विवेक बलवा नगरपालिका-७ बनौटा क्षेत्रमा पुगेको देखिएपछि प्रहरीले अनुसन्धानलाई थप केन्द्रित गरेको थियो ।

अनुसन्धानका क्रममा अशोककुमार ठाकुरको घर पछाडि रहेको सेफ्टी ट्याङ्कीभित्र भदौ २६ गते विवेकको शव टुक्रा-टुक्रा पारिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक साहका अनुसार पक्राउ परेकी सोनु कुमारी र मृतक विवेकबीच प्रेम सम्बन्ध रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । सोही सम्बन्धका कारण योजनाबद्ध रूपमा विवेकलाई घरमा बोलाएर हत्या गरिएको प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार फलामको दाउ प्रयोग गरी विवेकको शव नौ टुक्रा पारिएको र शव लुकाएर प्रमाण नष्ट गर्ने उद्देश्यले सेफ्टी ट्याङ्कीमा राखिएको थियो । शवमाथि सिमेन्ट र बालुवा राखेर प्लास्टरसमेत गरिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धानका लागि जिल्ला अदालत महोत्तरीबाट सात दिनको म्याद थप गरी पक्राउ परेकामाथि अनुसन्धान भइरहेको प्रहरी निरीक्षक साहले जानकारी दिनुभयो ।

स्थानीय युवा विवेक यादवले प्रेम सम्बन्ध आफैँमा अपराध नभए पनि सम्बन्धमा उत्पन्न विवाद र त्यसलाई आपराधिक ढंगले समाधान गर्न खोज्दा घटना भयावह बन्न सक्ने बताए । उनले घटनाले मानवीय सम्बन्धमा उत्पन्न विवादले कति क्रूर रूप लिन सक्छ भन्ने देखाएको बताए ।

# मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु

### चालक सवारीसहित फरार, मोटरसाइकल नियन्त्रणमा

दैनिक समाचारदाता

सिरहा, ३० भदौ । सिरहाको गोलबजार नगरपालिका-१३ सिमरामा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । घर अगाडि खेलिरहेका स्थानीय रामदयाल यादवका चार वर्षीय छोरा आयांश यादवलाई सोमबार बिहान मोटरसाइकलले ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका बालकलाई उपचारका लागि गोलबजारस्थित लाइफलाइन अस्पताल लगिएको थियो । अस्पताल



पुर्‍याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।बालकलाई ठक्कर दिएपछि मोटरसाइकल चालक सवारीसहित घटनास्थलबाट फरार भएका थिए । घटनालगत्तै खोजीमा जुटेको प्रहरीले ठक्कर दिने मोटरसाइकल फेला पारेर नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीका अनुसार फेला परेको मोटरसाइकलको नम्बर प्र.२-०१-००१ प ६८५६ रहेको छ । मोटरसाइकल नियन्त्रणमा लिए पनि चालक भने फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# कृषिमा बढ्दो परनिर्भरता

नेपाल कृषि प्रधान देश हो। यहाँको ठूलो जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर छ। तर विडम्बना, आफ्नै खेतबारीमा उत्पादन गर्न सकिने कृषि उपजसमेत ठूलो परिमाणमा विदेशबाट आयात गर्नुपर्ने अवस्था छ। यसले नेपालको कृषि क्षेत्रको वास्तविक अवस्था मात्र देखाउँदैन, सरकारको कृषि नीति र कार्यान्वयनमाथि पनि गम्भीर प्रश्न उठाउँछ।

आर्थिक वर्ष २०८२/०८३ मा महोत्तरीको भिठामोड नाका हुँदै भारतबाट मात्रै ७ अर्ब ७४ करोड ७ लाख २२ हजार रुपैयाँ मूल्य बराबरका खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल तथा प्रशोधित कृषिजन्य र खाद्य पदार्थ नेपाल भित्रिनु चिन्ताको विषय हो। सो अवधिमा २२ करोड ९८ लाख किलोग्रामभन्दा बढी कृषिजन्य तथा खाद्य वस्तु आयात भएको तथ्यांकले नेपालको कृषि उत्पादन र आयातबीचको असन्तुलनलाई स्पष्ट देखाउँछ।

चामलदेखि तरकारी, फलफूल, दलहन र तेलहनसम्म भारतमै निर्भर हुनुपर्ने अवस्था आउनु सामान्य विषय होइन। नेपालमा उर्वर भूमि, पर्याप्त श्रमशक्ति, विविध हावापानी र कृषि उत्पादनको ठूलो सम्भावना हुँदाहुँदै पनि उत्पादन वृद्धि हुन नसक्नुका पछाडि अनेक कारण छन्। सिँचाइको अभाव, महँगो उत्पादन लागत, मल-बीउको अनिश्चितता, कृषि प्रविधिको कमी, बजारको अस्थिरता र बिचौलियाको प्रभावले किसानलाई निरुत्साहित गरिरहेको छ।

अर्कोतर्फ, उत्पादन भएको कृषि उपजले उचित मूल्य नपाउने तर आयातित वस्तु सहज रूपमा बजारमा पुग्ने प्रवृत्तिले स्वदेशी किसानलाई थप कमजोर बनाएको छ। सरकारले कृषि उत्पादन बढाउने घोषणा गर्दै आए पनि व्यवहारमा किसानले आवश्यक मल, बीउ, सिँचाइ, प्रविधि र बजारको सुनिश्चितता पाउन नसक्नु नीतिगत कमजोरी हो। कृषि क्षेत्रमा परनिर्भरता घटाउने जिम्मेवारी संघीय सरकारको मात्र होइन। प्रदेश र स्थानीय सरकार पनि उत्तिकै जिम्मेवार छन्। कुन क्षेत्रमा कुन कृषि उपजको सम्भावना छ भन्ने पहिचान गरी उत्पादनको क्षेत्र निर्धारण, सिँचाइ विस्तार, कृषि सामग्रीको सहज उपलब्धता, भण्डारण तथा प्रशोधन केन्द्र स्थापना र बजार सुनिश्चित गर्ने काम तीनै तहका सरकारले समन्वयमा गर्नुपर्छ।

नेपालले हरेक वर्ष ठूलो रकम खाद्यान्न तथा कृषिजन्य वस्तु आयातमा खर्च गरिरहेको छ। यसलाई केवल व्यापार घाटाको विषयका रूपमा हेरेर पुग्दैन। यो किसानको आम्दानी, रोजगारी, ग्रामीण अर्थतन्त्र र राष्ट्रिय आत्मनिर्भरतासँग जोडिएको प्रश्न हो। स्वदेशमै उत्पादन गर्न सकिने वस्तुको आयात घटाउनु र किसानलाई उत्पादनतर्फ आकर्षित गर्नु अब विकल्प होइन, आवश्यकता हो। कृषि उत्पादनलाई प्राथमिकतामा राखेर स्पष्ट योजना, लगानी र प्रभावकारी कार्यान्वयन गर्न सके भिठामोड नाकाबाट बाहिरिने अर्बौं रुपैयाँको ठूलो हिस्सा स्वदेशमै रोक्न सकिन्छ। त्यसका लागि भाषणभन्दा परिणाममुखी कृषि नीति र किसानकेन्द्रित कार्यक्रम आवश्यक छ।

# ब्रिक्स : अ नोट अफ डिसेन्ट

**निमा काफ्ले**

नयाँ दिल्ली काठमाडौंभन्दा करिब १ हजार १०० किलोमिटर मात्र टाढा छ। त्यही नयाँ दिल्लीमा ब्रिक्सको १८औं शिखर सम्मेलन यतिखेर चर्चामा छ। सम्मेलनको पहिलो दिन सबै सदस्य राष्ट्रको सहमतिमा नयाँ दिल्ली घोषणापत्र सर्वसम्मत रूपमा पारित भयो।

भारत र चीन दुवैले नेपाललाई ‘फ्रेन्ड, नेबर एन्ड पार्टनर’ भन्छन्। सम्मेलनको पहिलो दिन साइडलाइनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच करिब ५० मिनेट लामो महत्त्वपूर्ण द्विपक्षीय वार्ता भयो। तर नयाँ दिल्लीमा नेपालले २६ अगस्टमा भोगेको गम्भीर जलवायु विपद्बारे एक शब्दसम्म सुनिएन।

ब्रिक्सले ‘ग्लोबल साउथ’, ‘सोलिडारिटी’ र नयाँ विश्व व्यवस्थाको नयाँ न्यारेटिभ निर्माण गर्न खोजिरहेको छ। पश्चिमी शक्ति केन्द्रमा केन्द्रित पुरानो ‘ग्लोबल गभर्नेन्स’ मा ग्लोबल साउथका देशहरूको प्रतिनिधित्व र निर्णयकारी भूमिका पर्याप्त छैन भन्ने ब्रिक्सको मूल राजनीतिक बुझाइ हो। तर यहीं विरोधाभास छ।

‘ग्लोबल साउथ’ को नेतृत्व र एकताको कुरा गर्ने देशहरूले आफ्नै छिमेकमा भएको गम्भीर मानवीय र जलवायु सङ्कटलाई समेत कूटनीतिक एजेन्डामा ठाउँ दिन सक्दैनन् भने त्यसलाई कस्तो ‘सोलिडारिटी’ भन्ने ?




यतिखेर नयाँ दिल्लीको ‘डिप्लोम्याटिक अप्टिक्स’ र नेताहरूको ‘बडी ल्याङ्ग्वेज’ माथि अन्तर्राष्ट्रिय शक्तिहरूको नजर पर्नु स्वाभाविक हो। विशेषगरी ‘स्ट्रङम्यान पोलिटिक्स’ अर्थात् एकजना पनि महिला सहभागिता नभएको युगमा शक्तिप्रदर्शन आफैंमा कूटनीतिक सन्देश बनेको छ। नेताहरू एउटै फ्रेममा कसरी देखिए, कसरी हात मिलाए, कति नजिक बसे र सार्वजनिक रूपमा कस्तो व्यवहार देखाए ? यी सबैलाई रणनीतिक सङ्केतका रूपमा बुझिन्छ। त्यसैले नयाँ दिल्लीमा देखिएको डिप्लोम्याटिक अप्टिक्सले बदलिँदो शक्ति सम्बन्धको सङ्केत पनि देखाएको छ।

दिल्लीमा भारत, चीन र रुसबीच देखिएको संवाद र राजनीतिक नजिकपनलाई वासिङ्टनले ध्यानपूर्वक हेर्नेछ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सम्बोधनलाई हेरौं। मोदीले ब्रिक्सको स्टेजलाई बिजनेस र ट्रेडको मञ्चमा मात्र सीमित राखेनन्। उनले त्यहाँ भारतको ठूलो राजनीतिक दाबी अगाडि सारे। भारतले उठाएका यी मुद्दा ब्रिक्सको सामूहिक घोषणामै पनि परे। त्यसमाथि चीन र रुसले भारत र ब्राजिलले संयुक्त राष्ट्रसङ्घमा ठूलो भूमिका पाउनुपर्ने आकाङ्क्षालाई समर्थन गरे। विशेषगरी सुरक्षा परिषद्मा भारतको स्थायी सदस्यताको दाबीलाई ब्रिक्सको साझा भाषाले थप राजनीतिक वजन दिएको छ।

यसको पछाडि भारतले आफूलाई विश्व व्यवस्थाको ‘रुल टेकर’ होइन, ‘रुल मेकर’ का रूपमा स्थापित गर्न खोजिरहेको रणनीतिक महत्त्वाकाङ्क्षा देखिन्छ। सुरक्षा परिषद्को स्थायी सदस्यताको दाबी त्यसैको एउटा महत्त्वपूर्ण हिस्सा हो।

ब्रिक्सको यो गतिविधिलाई काठमाडौंले गम्भीर रूपमा हेर्नुपर्छ। किनभने नयाँ दिल्लीमा हुने हरेक ठूलो जियोपोलिटिकल मुभको कुनै न कुनै असर नेपालसम्म आइपुग्छ।

सी जिनपिङले सात वर्षको अन्तरालपछि भारतको भ्रमण गरेका छन्। दिल्लीले उनलाई दिएको रेड कार्पेट स्वागत आफैंमा एउटा बलियो कुटनीतिक सन्देश हो । सीमा विवाद, व्यापारिक प्रतिस्पर्धा र इन्डो-प्यासिफिकको भूराजनीतिक प्रतिद्वन्द्विताका बीच पनि ‘भारतले चीनसँग संवादको ढोका बन्द गरेको छैन’ भन्ने सन्देश दिल्लीले स्पष्ट रूपमा दियो।

इजिप्ट, यूएई र इरानको दिल्ली उपस्थिति पनि महत्त्वपूर्ण छ। मध्यपूर्वको राष्ट्रिय हित र रणनीतिक प्राथमिकता फरक छन्। तर एउटै कुटनीतिक स्पेसमा उनीहरूको उपस्थिति भारतको ‘कन्भर्जेन्सनल पावर’ को सङ्केत हो।

***ब्रिक्सको निचोड***

सदाझैं ब्रिक्सको समग्र टोन यसपटक पनि एन्टी-अमेरिकन बनेन। तर अमेरिकाको नाम नलिई पनि अमेरिकासहित पश्चिमी शक्तिहरूको व्यापारिक र वित्तीय दबाबमाथि प्रश्न उठाउन भने सफल भएको छ। अर्थात् अमेरिका वा पश्चिमसँग सीधा टकराव खोज्नुभन्दा आफ्नो आर्थिक र व्यापारिक स्पेस बलियो बनाउने बाटोमा ब्रिक्स अघि बढ्न खोजेको देखिन्छ।

घोषणापत्रले आतङ्कवादका सबै रूपको विरोध गर्दै जम्मु कश्मीरको पहलगाममा अप्रिल २०२५ मा भएको आतङ्कवादको मुद्दामा यो भारतका लागि कूटनीतिक सफलता हो। उक्त हमलामा एक नेपाली नागरिकसहित २६ जनाको ज्यान गएको थियो।

पश्चिम एसियाको सङ्कटमा पनि ब्रिक्सले फरक स्वार्थ र फरक रणनीतिक प्राथमिकताबीच साझा कूटनीतिक भाषा निर्माण गर्ने प्रयास गरेको छ। इरान र यूएई एउटै मञ्चका सदस्य भए पनि पश्चिम एसियाको शक्ति सन्तुलन, सुरक्षा र क्षेत्रीय राजनीतिबारे उनीहरूको दृष्टिकोण एउटै छैन। ब्रिक्समा सी जिनपिङ विश्व राजनीतिका नेताभन्दा ‘ग्लोबल सीईओ’ जस्तो बढी देखिए– चीनको बजार, पुँजी, प्रविधि र आपूर्ति शृङ्खला शक्तिको प्रतिनिधित्व गर्दै । पुटिन भने पश्चिमसँग बढिरहेको ‘कोल्ड वार २.०’ का प्राइमा फेसी सिग्नेचर स्टाइलमै उभिए ।

***अब ब्रिक्सको आन्तरिक विरोधाभास हेरौं***

यसका सदस्य राष्ट्रहरूबीच आर्थिक क्षमता, राजनीतिक प्रणाली, सुरक्षा प्राथमिकता, विकास मोडेल र अन्तर्राष्ट्रिय महत्त्वाकाङ्क्षामा गहिरो अन्तर छ। उनीहरू एउटै घोषणापत्रमा हस्ताक्षर गर्न सक्छन्, एउटै टेबलमा बस्न सक्छन् र साझा वक्तव्य जारी गर्न सक्छन्; तर एउटै रणनीतिक लक्ष्यमामा पुग्न सक्दैनन्।

चीनको रणनीतिक प्राथमिकता भारतको होइन। भारतको राष्ट्रिय हित रुसको भन्दा फरक छ। इरान, यूएई र अन्य सदस्य राष्ट्रका पनि आफ्नै क्षेत्रीय र आर्थिक हिसाबकिताब छन्।

त्यसैले ब्रिक्सको एकता, विचारधारात्मकभन्दा साझा हित (कन्भर्जिङ इन्ट्रेस्ट) मा आधारित एकता हो। जहाँ हित मिल्छ, त्यहाँ सहकार्य हुन्छ; जहाँ हित ठोक्किन्छ, त्यहाँ प्रतिस्पर्धा हुन्छ। यही ब्रिक्सको शक्ति पनि हो र सीमा पनि। उनीहरू एउटै टेबलमा छन्, तर एउटै रणनीतिक बाटोमा छैनन्।

यही कारणले ब्रिक्सलाई जी-७ को गैर-पश्चिमी संस्करणका रूपमा बुझ्नु गलत हुन्छ। जी-७ मा तुलनात्मक रूपमा साझा राजनीतिक र आर्थिक अभिमुखीकरण छ। ब्रिक्समा त्यस्तो साझा विचारधारात्मक आधार छैन। चीनको रणनीतिक रुचि भारतसँग पूर्ण रूपमा मिल्दैन। भारतको वैश्विक महत्वाकांक्षा र रुसको रणनीतिक प्राथमिकता एउटै छैन। अन्य सदस्य राष्ट्रका पनि आफ्नै क्षेत्रीय प्राथमिकता छन्।

ब्रिक्सको विस्तार पनि विश्व शक्ति सन्तुलनको संकेत हो। यसले ‘विश्व अब एउटै केन्द्रबाट मात्र निर्देशित हुने संरचनाबाट क्रमशः बहुध्रुवीय संरचनातर्फ जाँदै छ’ भन्ने सन्देश दिन्छ। र, यो सन्देशको प्रमुख प्रापक ( अड्रेसी) वासिङ्टन हो।

ब्रिक्सको सबैभन्दा ठूलो चुनौतीमध्ये एउटा यसको एस्पिरेसनको स्पष्टता हो। आखिर ब्रिक्सले कस्तो विश्व व्यवस्था निर्माण गर्न खोजिरहेको छ ? अझ बढी बहुध्रुवीय विश्व ? अझ न्यायपूर्ण वैश्विक सुशासन ? ग्लोबल साउथको वास्तविक संस्थागत सवलीकरण ? वा विद्यमान ‘विश्व शक्ति संरचना’ लाई नै स्वीकार गर्दै त्यसैभित्र आफ्नो बार्गेनिङ पोजिसन बलियो बनाउने रणनीति मात्र ?

***सवाल धेरै छन् ।***

किनभने अमेरिकी प्रभुत्वलाई चुनौती दिनु र विश्व शक्तिलाई लोकतान्त्रिक बनाउनु एउटै कुरा होइन। एउटा प्रभुत्व कमजोर हुँदैमा त्यसको ठाउँ लिने शक्ति स्वतः न्यायपूर्ण हुन्छ भन्ने ग्यारेन्टी हुँदैन।

डलरको विश्वव्यापी प्रभाव घटेर युआनको भूमिका बढ्दैमा विश्व अर्थतन्त्र स्वतः न्यायपूर्ण र सन्तुलित हुँदैन। ‘नयाँ दिल्ली घोषणापत्र’ ले पनि डलरको विकल्पका रूपमा युआनलाई अघि सारेको छैन। तर यसले एउटा महत्त्वपूर्ण सोचलाई भने चुनौती दिएको छ। ‘अन्तर्राष्ट्रिय कारोबारमा डलरकै विकल्प छैन’ भन्ने धारणा अब अनिवार्य छैन।

स्थानीय मुद्रामा कारोबार बढाउने, आफ्नै भुक्तानी प्रणाली विकास गर्ने र

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## ब्रिक्स : .......

पश्चिमी वित्तीय संरचनामाथिको निर्भरता घटाउने प्रयास त्यसकै सङ्केत हुन्। तर डलरको ठाउँमा अर्को मुद्रा ल्याउनु मात्र समाधान होइन। एउटा प्रभुत्वशाली मुद्रालाई अर्को प्रभुत्वशाली मुद्राले विस्थापित गर्दैमा विश्व वित्तीय प्रणाली निष्पक्ष हुँदैन। मुख्य कुरा विकल्प बढाउनु हो र शक्ति केही देशमा मात्र केन्द्रित नरहने वित्तीय प्रणाली बनाउनु हो।

त्यसैगरी, पश्चिमी संस्थाहरूको प्रभाव कमजोर हुँदैमा नयाँ शक्ति केन्द्र स्वतः समावेशी, उत्तरदायी र साना राष्ट्रका लागि खुला हुन्छ भन्ने पनि छैन।

अब भारतको कुरा गरौं। भारत ब्रिक्सको मोडालिटीमा चीनको आर्थिक छायामा बस्न चाहँदैन। भारतको हिसाब सिधा छ- 'अमेरिकी डलरको दबदबा कम होस्, तर त्यसको ठाउँ चिनियाँ युआनले मात्रै नलियोस्।' त्यसैले भारत ब्रिक्सभित्र चीनसँग बस्छ, तर चीनकै नेतृत्वमा अर्को वित्तीय व्यवस्था बन्ने पक्षमा मात्र हिँड्दैन। भारत आफ्नै रुपैयाँलाई पनि क्षेत्रीय र अन्तर्राष्ट्रिय कारोबारमा बलियो बनाउन चाहन्छ।

अब यही कुरा नेपालसँग जोडेर हेर्नुपर्छ। हाम्रो रुपैयाँ भारतीय रुपैयाँसँग पेग गरिएको छ। त्यसैले भारतीय रुपैयाँ बलियो हुँदै गयो र अन्तर्राष्ट्रिय कारोबारमा यसको प्रयोग बढ्दै गयो भने त्यसको असर नेपालमा पनि पर्छ। त्यसैले नेपालका लागि ब्रिक्सको मुद्रा बहस कुनै टाढाको कुरा होइन। डलर, युआन र भारतीय रुपैयाँबीचको शक्ति खेल अन्ततः नेपाली रुपैयाँसम्म आइपुग्छ।

यस सम्पूर्ण ट्रजेक्टरीमा भारतको भूमिका न्याभिगेट गरौं। भारत ब्रिक्सको संस्थापक सदस्य हो, तर उसको विदेश नीति ब्रिक्सको घेराभित्र मात्र अटाउँदैन। ऊ क्वाडमा अमेरिका, जापान र अस्ट्रेलियासँग रणनीतिक रूपमा जोडिएको छ। जी-२० मा आफ्नो प्रभाव विस्तार गरिरहेको छ। वासिङ्टनसँग रक्षा, प्रविधि, सेमिकन्डक्टर, ऊर्जा र इन्डो-प्यासिफिक सहकार्य गहिरो बनाइरहेको छ। तेहरानसँग संवाद खुला राखेको छ र एकैसाथ ग्लोबल साउथको नेतृत्वको दाबी गरिरहेको छ।

पहिलो नजरमा यो विरोधाभास देखिन्छ। तर यसलाई विरोधाभास भनेर मात्र हेर्नु भारतको रणनीतिलाई अधुरो रूपमा बुझ्नु हो। भारतलाई थाहा छ, आजको विश्व शीतयुद्धकालजस्तो दुईवटा क्याम्पमा विभाजित छैन।

सी जिनपिङ र नरेन्द्र मोदीबीच नयाँ दिल्लीमा भएको संवादलाई पनि यही कोणबाट हेर्नुपर्छ। भारत र चीनबीच झगडा छ। सीमामा विवाद छ, व्यापारमा तनाव छ, इन्डो-प्यासिफिकमा शक्ति प्रतिस्पर्धा छ। दुवै आफ्नो प्रभाव बढाउन खोजिरहेका छन्। तर यी सबै हुँदाहुँदै पनि संवाद रोकिएको छैन।

तर यो सम्पूर्ण पावर ट्रान्जिसनको बीचमा नेपाल कहाँ छ ?

***बङ्गलादेशको पाठ***

बङ्गलादेशले भारतको ब्रिक्स निम्तो अस्वीकार गर्‍यो। मुख्य विवाद निम्तोमा होइन, निम्तो दिइएको हैसियतमा थियो। भारतले प्रधानमन्त्री तारेक रहमानलाई बिमस्टेकको अध्यक्ष राष्ट्रका प्रतिनिधिको रूपमा ब्रिक्सको आउटरिच सेसनमा बोलाएको थियो। तर बङ्गलादेश सन्तुष्ट भएन। ढाकाको बुझाइमा रहमान बिमस्टेकका अध्यक्ष राष्ट्रका प्रतिनिधि मात्र होइनन्, बङ्गलादेशका प्रधानमन्त्री पनि हुन्। त्यसैले भारतले उनलाई पर्याप्त राजनीतिक सम्मान नदिएको बङ्गलादेशको धारणा थियो। दिल्लीका लागि यो प्रोटोकल थियो, ढाकाका लागि राजनीतिक हैसियतको प्रश्न।

यहाँबाट नेपालले पाठ सिक्नुपर्छ। प्रसङ्ग 'यो आउटरिच सेसनमा नेपाललाई निम्तो दिइएको थिएन' भन्ने होइन, प्रसङ्ग नेपालको वैदेशिक कूटनीतिक संलग्नताको ट्रजेक्टरी हो। पछिल्ला हरेक प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको कूटनीतिक सक्रियतामा भिजिबिलिटीले प्राथमिकता पाएको देखिन्छ, अब त्यसलाई कूटनीतिक प्रभावमा बदल्नुपर्छ।

यसै सन्दर्भमा प्रधानमन्त्री बालेन शाहको आगामी संयुक्त राष्ट्रसङ्घीय महासभामा हुने सम्बोधनलाई विशेष चासोका साथ हेरिएको छ। यो नेपालको कूटनीतिक भिजिबिलिटीलाई रणनीतिक प्रभावमा बदल्ने अवसर पनि हो। सानो देशसँग ठूलो शक्तिजस्तो असीमित कुटनीतिक पूँजी हुँदैन। समय सीमित हुन्छ। राजनीतिक ध्यान सीमित हुन्छ। संस्थागत क्षमता सीमित हुन्छ। नेपालले यहीँबाट आफ्नो कूटनीतिक सोच बदल्नुपर्छ।

नेपालले भारत, चीन, अमेरिका, युरोप वा ग्लोबल साउथ; हरेक सम्बन्धलाई राष्ट्रिय हितको रणनीतिक फ्रेममा राख्नुपर्छ।

कहाँ सहकार्य गर्ने ? कहाँ प्रतिस्पर्धा व्यवस्थापन गर्ने ? कहाँ दूरी राख्ने ? कहाँ रणनीतिक स्वायत्तता जोगाउने ? कहाँ बार्गेन गर्ने र कहाँ 'रेड लाइन' कोर्ने ? यी प्रश्नको स्पष्ट उत्तर छैन भने कूटनीतिक भ्रमण चलिरहन्छन्, भेटघाट भइरहन्छन्, संयुक्त वक्तव्य आइरहन्छन् तर रणनीति बन्दैन।

नेपाल अब डिप्लोम्याटिक एक्टिभिजमबाट डिप्लोम्याटिक स्ट्राटेजीतर्फ जानुपर्छ। ब्रिक्सको बहसलाई पनि यही दृष्टिले हेर्नुपर्छ।

बहुध्रुवीय विश्व बन्दै छ भन्दैमा नेपालले स्वतः नयाँ स्पेस पाउँदैन; बरु शक्ति प्रतिस्पर्धा बढ्छ, नयाँ दबाब आउँछ र आफ्नो रणनीतिक स्पेस जोगाउने खेल अझ कठिन हुन्छ। आज संसारमा अमेरिका, चीन, भारत, रुस, युरोप र अन्य शक्ति केन्द्रबीच प्रतिस्पर्धा बढिरहेको छ।

बहुध्रुवीयता अवसर हो, तर तयारी नभएको देशका लागि त्यो अवसरभन्दा बढी प्रतिस्पर्धाको मैदान बन्न सक्छ। त्यसैले नेपालले अरूले दिएको स्पेस कुर्ने होइन, आफ्नो स्पेस आफैं निर्माण गर्ने हो।

भारतसँग सम्बन्ध राख्ने, चीनसँग सम्बन्ध राख्ने, अमेरिकासँग काम गर्ने, युरोपसँग जोडिने, ग्लोबल साउथसँग सहकार्य गर्ने; तर कुनै पनि सम्बन्धको केन्द्रमा एउटै कुरा हुनुपर्छ– नेपालको राष्ट्रिय हित।

नेपाल सङ्कटमा छ भन्दैमा संसारले नेपाललाई आफ्नो प्राथमिकता बनाउँदैन। अन्तर्राष्ट्रिय राजनीतिमा सङ्कटको गम्भीरता मात्र होइन, त्यसको रणनीतिक सान्दर्भिकता पनि हेरिन्छ। सहानुभूति मागेर पाइन्छ, तर रणनीतिक ध्यान कमाउनुपर्छ। त्यसैले नयाँ दिल्लीमा नेपालको २६ अगस्टको गम्भीर जलवायु विपद्बारे एक शब्दसम्म नबोलिनु काठमाडौंका लागि स्ट्राटेजिक वेकअप कल हो। यहीँबाट नेपालले आफ्नो कूटनीतिक नोट अफ डिसेन्टको भाषा बोल्नुपर्छ। किनभने ग्लोबल साउथको सोलिडारिटीको कुरा गर्ने मञ्चले इजरायल-प्यालेस्टाइनको कुरा गर्न सक्छ, पहलगामको कुरा उठाउन सक्छ भने आफ्नै क्षेत्रभित्रको नेपालको गम्भीर मानवीय र जलवायु सङ्कटलाई बेवास्ता गर्नु आफैंमा विरोधाभास हो। त्यसको कमजोरी औंल्याउने अधिकार नेपालसँग छ। साभारः अनलाइनखबरडटकम

# अमेरिकाद्वारा पहिलो पटक अन्तरिक्षमा अस्त्र तैनाथ गरिएको पुष्टि



काठमाडौं, ३० भदौ । अमेरिकाले पृथ्वीको कक्षमा आफूले 'अन्तरिक्ष अस्त्र' पठाएको गरेको पुष्टि गरेको छ। आफूसँग त्यस्तो क्षमता भएको अमेरिकाले पहिलो पटक स्वीकार गरेको हो।

अमेरिकी एअर फोर्सका वरिष्ठ अधिकारी ट्रूई मिङ्ले शत्रुतापूर्ण सैन्य गतिविधिबाट अमेरिकी फौजलाई जोगाउन पृथ्वीको कक्षमा हतियार राख्न आवश्यक भएको तर्क गरेका छन्।

'एअर, स्पेस एन्ड साइबर कन्फरेन्स'मा सोमवार सम्बोधन गर्दै मिङ्ले अमेरिका "बढ्दै गएका खतराहरू"सँग जुध्न तयार रहेको बताए। तर उनले उक्त अस्त्रको क्षमता वा त्यसलाई कहिले कक्षमा राखिएको थियो भन्नेबारे विस्तृत जानकारी दिएनन्।

चीन र रुसले भविष्यमा उत्पन्न हुन सक्ने द्वन्द्वमा अमेरिकी स्याटलाइटहरूमाथि आक्रमण गर्ने र तिनलाई अवरुद्ध पार्ने कार्यक्रम बनाएको भन्दै वरिष्ठ सैन्य नेताहरूले यसअघि नै अन्तरिक्षमा सैन्य क्षमता बढाउने आफ्नो योजना भएको बताएका थिए।

ट्रम्प प्रशासनले क्षेप्यास्त्र र आकाशमार्गबाट हुन सक्ने अन्य खतराहरूबाट अमेरिकाको रक्षा गर्न प्रस्तावित "गोल्डन डोम" प्रतिरक्षा प्रणालीका लागि अन्तरिक्षमा आधारित क्षमता र 'इन्टरसेप्टर' क्षेप्यास्त्रहरू महत्त्वपूर्ण रहेको बताउँदै आएको छ।

***यूएस स्पेस फोर्सले के गर्छ***

सन् १९६७ को सन्धिले पृथ्वीको कक्षमा आमविनाशका हतियारहरू राख्न प्रतिबन्ध लगाएको थियो। त्यसयता अमेरिका, रुस र चीनसहितका प्रमुख शक्तिहरूले उक्त सन्धिको दायराभित्र नपर्ने क्षमता पत्ता लगाउन खोज्दै आएका छन्। त्यसमा सैन्य सञ्चार, निगरानी र न्याभिगेशनका लागि महत्त्वपूर्ण मानिने प्रतिद्वन्द्वी पक्षका स्याटलाइटहरूलाई निसाना बनाउनु पनि पर्छ।

गत वर्ष राष्ट्रपति डोनल्ड ट्रम्पले एउटा कार्यकारी आदेश जारी गर्दै 'यूएस स्पेस फोर्स'को भूमिका सम्पत्तिको रक्षा गर्न मात्र नभई आक्रमण गर्ने फौजका रूपमा पनि रहने कुरामा जोड दिएका थिए।

सञ्चार र निगरानीका लागि प्रयोग हुने सयौं स्याटलाइटसहित अन्तरिक्षमा रहेका अमेरिकी सम्पत्तिको रक्षा गर्ने उद्देश्यले सन् २०१९ मा यूएस स्पेस फोर्स स्थापित भएको हो। अमेरिकी सेनाको इतिहासमा उक्त फौज ७० वर्षभन्दा बढी समयपछि स्थापित सबैभन्दा नयाँ अङ्ग हो। यूएस स्पेस फोर्सका एक प्रवक्ताले भने, "अन्तरिक्ष नियन्त्रणमा अन्तरिक्षमा प्रतिस्पर्धा गर्न र नियन्त्रण कायम राख्न आवश्यक कार्यक्षेत्रहरू पर्छन्। त्यसअन्तर्गत आवश्यक परेमा अवरोध, ह्रास वा विनाशका माध्यमबाट शत्रुको क्षमतालाई असर पार्न काइनेटिक (भौतिक) र नन-काइनेटिक (अभौतिक) साधनहरूको प्रयोग गरिन्छ।"

"यी क्षमताहरूलाई 'कम्ब्याटन्ट कमान्ड'को निर्देशनमा आक्रामक र रक्षात्मक दुवै उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ।"

***रुस र चीनसँग डर किन***

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेयता कम्तीमा एक दर्जन युरोपेली स्याटलाइटहरूको सञ्चारलाई दुइटा रुसी स्याटलाइटले निगरानी गरेको वा नियन्त्रणमा लिएको कुरा गत फेब्रुअरीमा सार्वजनिक भएको थियो। त्यस्ता निगरानी वा नियन्त्रणका कारण रुसी गुप्तचर निकायहरूले ती स्याटलाइटले पठाउने संवेदनशील तथ्याङ्कहरू हात पारेका हुन सक्छन्। अर्को पक्षका स्याटलाइटहरू नियन्त्रणमा लिन पनि सम्भव हुन सक्ने ठानिन्छ।

त्यस्ता अन्य स्याटलाइटहरूमाथि आक्रमण गर्न सक्ने क्षमता भएको ठानिएको एउटा स्याटलाइट रुसले प्रक्षेपण गरेको सन् २०२४ मा अमेरिकाले दाबी गरेको थियो। यद्यपि रुसले त्यस विषयमा सार्वजनिक टिप्पणी गरेन। यूएस स्पेस फोर्सका अनुसार चीनले "सैन्य आधुनिकीकरण रणनीतिको अङ्गका रूपमा अन्तरिक्ष क्षमता र प्रतिकार गर्ने क्षमता विकास र सञ्चालन गर्छ" भने रूसले "अन्तरिक्षलाई युद्धभूमिको रूपमा हेर्छ अनि अन्तरिक्षमा सर्वोच्चता हासिल गर्नु भविष्यका द्वन्द्वमा निर्णायक कारक हुने ठान्छ।"

# ग्यास सहज आपूर्तिको माग गर्दै अग्रगामी युवा मोर्चा आन्दोलनमा

### असोज ६ गते आयल निगम घेराउ गर्ने घोषणा; पाँचबुँदे माग पूरा नभए देशव्यापी आन्दोलन गर्ने चेतावनी

दैनिक समाचारदाता

काठमाडौं, ३० भदौ । अग्रगामी मोर्चा निकट अग्रगामी युवा मोर्चाले मूल्यवृद्धि नियन्त्रण, खाना पकाउने ग्यासको सहज आपूर्ति तथा दैनिक उपभोग्य वस्तुको सर्वसुलभ उपलब्धताको माग गर्दै सरकारविरुद्ध आन्दोलन घोषणा गरेको छ ।

मोर्चाले आगामी असोज ६ गते नेपाल आयल निगमको काठमाडौंस्थित केन्द्रीय कार्यालय घेराउ गर्ने निर्णय गरेको छ । आम जनता पार्टीको काठमाडौंस्थित कार्यालयमा मंगलबार बसेको मोर्चाको बैठकले उक्त निर्णय गरेको हो । लामो समयदेखि खाना पकाउने एलपी ग्यासलगायत दैनिक उपभोग्य वस्तुको अभाव भइरहे पनि बजार अनुगमन प्रभावकारी नभएको भन्दै मोर्चाले मूल्य नियन्त्रण र अत्यावश्यक सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्न सरकारसँग माग गरेको छ ।

'ग्यास आपूर्तिमा देखिएका समस्या समाधान गर्न तथा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि घटाउन यही असोज ६ गते नेपाल आयल निगमको केन्द्रीय कार्यालय घेराउ गर्ने निर्णय गरेका छौं,' मोर्चाको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ ।

बढ्दो मूल्यवृद्धि, कालोबजारी तथा सार्वजनिक सेवा प्रवाहमा भइरहेको ढिलासुस्तीप्रति सरकारको ध्यानाकर्षण गराउँदै मोर्चाले प्रधानमन्त्री वालेन्द्र ( बालेन) शाह नेतृत्वको सरकारसमक्ष पाँचबुँदे मागसमेत राखेको छ ।

मोर्चाले माग पूरा नभए देशव्यापी रूपमा सशक्त आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिएको छ ।

यसैगरी, भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएको उल्लेख गर्दै मोर्चाले तीनै तहका सरकारबीच प्रभावकारी समन्वय नहुँदा उद्धार तथा राहत कार्य प्रभावकारी हुन नसकेको आरोप लगाएको छ । विपद् प्रभावितको तत्काल उद्धार, उचित राहत तथा स्थायी पुनःस्थापनाका लागि एकीकृत समन्वय गर्न उसले माग गरेको छ ।

मोर्चाले संस्थागत हुँदै गएको भ्रष्टाचार र प्रशासनिक ढिलासुस्ती अन्त्य गरी पारदर्शिता तथा सुशासन कायम गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ ।

स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्दा दैनिक हजारौं युवा विदेशिन बाध्य भएको उल्लेख गर्दै मोर्चाले वैदेशिक रोजगारीका नाममा हुने ठगी र बिचौलियाको सञ्जाल नियन्त्रण गर्नसमेत सरकारसँग माग गरेको छ ।

आफ्ना मागप्रति सरकारले तत्काल ध्यान नदिए देशव्यापी रूपमा थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाउन बाध्य हुने मोर्चाले चेतावनी दिएको छ । विज्ञप्तिमा समाजवादी युवा सङ्घ नेपालका अध्यक्ष मनिष यादव, समाजवादी युवा सङ्गठनका संयोजक जनकबहादुर कार्की, विद्यार्थी जनमत सङ्घका संयोजक पोषणकुमार यादव, खुम्बुवान राष्ट्रिय मोर्चा नेपालका प्रतिनिधि विप्लव खुम्बु, आईटी आर्मीका केन्द्रीय प्रतिनिधि राजेश शर्मा, आम विद्यार्थी मोर्चाका केन्द्रीय सचिव प्रिन्स साह, समाजवादी विद्यार्थी युनियन नेपालका उपमहासचिव मुकेशकुमार यादव, कमन जेनजी नेपालका केन्द्रीय प्रतिनिधि रवि ध्वज कार्की र युवा सङ्गठन (प्रलोपा)का सहसंयोजक डिएन जोशीले हस्ताक्षर गरेका छन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ग्यास वितरण गर्न नसकेर सरकार लाचार : एमाले

## एमाले सांसद अर्यालको आरोप- कृत्रिम अभावले निम्न वर्ग आक्रान्त, महँगो मूल्यमा ग्यास किन्न जनता बाध्य

दैनिक समाचारदाता

काठमाडौं, ३० भदौ । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले वर्तमान सरकार खाना पकाउने ग्यासको सहज वितरणसमेत गर्न नसकेर लाचार बनेको आरोप लगाएको छ ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्दै एमाले सांसद पद्मा अर्यालले ग्यासको अभावका कारण सर्वसाधारण, विशेषगरी निम्न आय भएका परिवार समस्यामा परेको बताइन् ।

‘एक सुत्केरीका श्रीमान्ले ग्यास नपाएर खोलामा हाम फालेको घटना ताजै छ । यो सरकार ग्यास वितरणसमेत गर्न नसकेर लाचार सावित भएको छ,’ उनले भनिन् ।

उनले ग्यासको कृत्रिम अभावले ज्यालादारीमा काम गरेर जीविकोपार्जन गर्ने ठूलो



जनसंख्या प्रभावित भएको दाबी गरिन् । सरकारले ग्यास अभावलाई सामान्य रूपमा लिए पनि मजदुर, विद्यार्थी, अपांगता भएका व्यक्ति तथा निम्न वर्गका परिवारका लागि यसको गम्भीर असर परेको उनको भनाइ थियो ।

‘अहिले भइरहेको ग्यासको अभाव सरकारलाई सामान्य लाग्न सक्छ । तर गरिखाने वर्ग, मजदुर, विद्यार्थी, अपांगता भएका व्यक्ति तथा समग्र निम्न वर्गका लागि खाना पकाउने ग्यासको अभावका कारण आक्रान्त छन्,’ उनले भनिन् ।

सांसद अर्यालले एक सिलिन्डर मात्र भएका र सिलिन्डर सकिएपछि तत्कालै ग्यास साटेर ल्याउनुपर्ने परिवारको अवस्थाबारे सरकारले तथ्यांक राखेको छ कि छैन भन्ने प्रश्नसमेत गरिन् ।

‘एउटा मात्रै ग्यास सिलिन्डर हुने र त्यही दिन ग्यास साटेर ल्याउने परिवारको संख्या कति छ ? त्यसको तथ्यांक सरकारसँग छ ?’ उनले प्रश्न गरिन् ।

महँगो मूल्यमा ग्यास किन्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले निम्न वर्गका परिवारका लागि विद्युतीय चुल्होसमेत सहज पहुँचमा नरहेको बताइन् । ‘काम छाडेर ग्यास खोज्न जाने कि काम गर्न जाने ?’ भन्दै उनले सरकारको आपूर्ति व्यवस्थापनप्रति प्रश्न उठाइन् ।

# पूर्व शिक्षक पक्राउ

दैनिक समाचारदाता

जनकपुरधाम, ३० भदौ । जनकपुरधाममा नौ वर्षीया बालिकालाई ललाइफकाई आफूसँगै लैजान खोजेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका-१ पर्साका ३६ वर्षीय मनिष ठाकुर रहेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान टोलीले महोत्तरीस्थित उनकै घरबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार भदौ १८ गते जनकपुरधामको रामानन्द चोकस्थित एन्जल बोर्डिङ स्कुलबाट छुट्टी भएपछि बाहिर निस्किएकी बालिकालाई ठाकुरले ललाइफकाई आफूसँगै लैजान खोजेका थिए । घटनाबारे जानकारी पाएपछि प्रहरीले विद्यालय तथा आसपासका क्षेत्रमा जडान गरिएका सीसीटीभी फुटेजको अध्ययन गरी अनुसन्धान अघि बढाएको थियो । फुटेजका आधारमा ठाकुरको पहिचान खुलेपछि उनलाई पक्राउ गरिएको धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले जानकारी दिए ।

प्रहरीका अनुसार बालिका परिवारसहित जनकपुरधाममा डेरा गरी बस्दै आएकी छन् । उनको स्थायी घर सिरहा रहेको जनाइएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका ठाकुर पूर्वशिक्षक रहेको खुलेको प्रहरीले जनाएको छ । उनी महोत्तरीस्थित एक रेडियोमा समेत कार्यरत रहेको प्रहरीको भनाइ छ ।

पक्राउ परेका ठाकुरलाई हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी खनालले बताए ।

# पेस्तोल देखाएर रेडकर्नर नोटिस जारी गराएको आरोपबारे जवाफ माग

## कांग्रेस सांसद यादवद्वारा सरकारसँग स्पष्टीकरण माग; घटनाबारे छानबिन गर्नुपर्ने माग

दैनिक समाचारदाता

काठमाडौं, ३० भदौ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशकलाई मध्यराति पेस्तोल देखाएर रेडकर्नर नोटिस जारी गर्न लगाइएको भन्ने आरोपबारे सरकारसँग जवाफ माग गरेको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा कांग्रेस सांसद चन्द्रमोहन यादवले उक्त विषय गम्भीर रहेको भन्दै सरकारसँग स्पष्टीकरण माग गरेका हुन् ।

यसअघि कांग्रेसकै सांसद अमरेशकुमार सिंहले पनि सरकारले सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशकलाई राति १ बजे पेस्तोल देखाएर रेडकर्नर नोटिस जारी गर्न दबाब दिएको आरोप लगाएका थिए । गत बिहीबारको प्रतिनिधिसभा बैठकमा सिंहले महानिर्देशकलाई राति बोलाएर पेस्तोल देखाउँदै दुई घण्टाभित्र रेडकर्नर नोटिस जारी गर्न धम्की दिइएको दाबी



गरेका थिए ।

सांसद यादवले सरकार तथा सत्तारूढ दलका सांसदहरूबाट आउने अभिव्यक्ति लोकतान्त्रिक मूल्य-मान्यताविपरीत रहेको आरोप लगाए । सांसदहरूले सरकारसँग प्रश्न गर्दा मन्त्रीबाट धम्कीपूर्ण भाषा प्रयोग गरिएको विषयमा समेत उनले आपत्ति जनाए । ‘सत्तारूढ दलका माननीयज्यूहरूले सार्वजनिक रूपमा दिएको वक्तव्यबारे ध्यानाकर्षण गराउन चाहन्छु । कतै कन्चटमै पेस्तोल राखेर थर्काएको कुरा आएको छ त कतै प्रश्न गर्दा धम्की आएको कुरा सुन्नमा आएको छ,’ उनले भने । यस्ता घटना लोकतान्त्रिक व्यवस्थाका लागि गम्भीर विषय भएको उल्लेख गर्दै यादवले सरकारले यसबारे सदनलाई स्पष्ट जानकारी दिनुपर्ने बताए । लोकतन्त्रको मुख्य मूल्य नै भयरहित समाज निर्माण गर्नु भएकाले सार्वजनिक रूपमा उठेको यस्तो गम्भीर आरोपबारे सरकारले स्पष्ट पार्नुपर्ने उनको भनाइ थियो ।

# आइतबारको बिदा हटाउन राप्रपाको माग

## सातामा शनिबार मात्रै बिदा दिन सांसद भाटको प्रस्ताव; दुई दिन बिदाले शैक्षिक गतिविधि प्रभावित भएको दाबी

दैनिक समाचारदाता

काठमाडौं, ३० भदौ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ताहिर अली भाटले सातामा दुई दिन दिइँदै आएको सार्वजनिक बिदामध्ये आइतबारको बिदा हटाएर शनिबार मात्रै बिदा दिने व्यवस्था कायम गर्न सरकारसँग माग गरेका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले सातामा दुई दिन बिदा दिँदा शैक्षिक संस्थासहित विभिन्न क्षेत्रमा नकारात्मक असर परेको बताए ।

आइतबारको बिदा आवश्यक नरहेको उल्लेख गर्दै सांसद भाटले सरकारले आइतबारको बिदा खारेज गरी यसअघि कायम रहेको शनिबारको एकदिने बिदा व्यवस्था पुनः लागू गर्नुपर्ने बताए ।

‘विपद्को समयमा मुस्लिम समुदायले पनि सहयोग गर्ने वातावरण निर्माणमा सहयोग गर्ने सबैलाई धन्यवाद भन्न



चाहन्छु । तर आइतबारको बिदा कसैलाई पनि चाहिएको छैन,’ उनले भने, ‘शैक्षिक संस्थादेखि सबै क्षेत्रमा यसले नकारात्मक असर पारिरहेको छ । त्यसकारण सरकारले आइतबारको बिदा कटौती गरेर पहिलेकै शनिबारको बिदा कायम गरोस् ।’

सरकारले मध्यपश्चिममा भएको तनावका कारण पेट्रोलियम पदार्थको आयात प्रभावित भएपछि इन्धनको खपत कम गर्ने उद्देश्यले २०८२ चैत २३ गतेदेखि सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

# कार्ययोजनाले सेयर बजारमा बढायो उत्साह, कारोबार २ महिनाकै उच्च

दैनिक समाचारदाता

काठमाडौं, ३० भदौ । सरकारले ल्याएको पूँजी बजार सुधार कार्ययोजनाले बुधबार सेयर बजारमा सकारात्मक प्रभाव पारेको छ । यस दिन बजार परिसूचक नेप्से ४८.५७ अंक (१.८७ प्रतिशत) बढेको छ । यो वृद्धिपछि नेप्से परिसूचक २६३३ अंकमा कायम भएको छ । नेप्सेको आजको अंक भदौ १ यताकै उच्च हो ।

अघिल्लो दिन अर्थमन्त्री स्वर्णिम वाग्लेले पूँजीगत लाभकर हालको भन्दा आधा घटाउनेसहित बजार सुधारको कार्यायोजना सार्वजनिक गरेका छन् । जसले गर्दा बुधबार कारोबार खुलेदेखि नै लगानीकर्तामा हौसला मिल्यो ।

कारोबार खुलेको एक मिनेटमै नेप्से २६७९ अंकसम्म पुगेकोमा त्यसपछि सम्हालिँदै १२ : ५४ बजे २६११ अंकमा आएको थियो । करिब १ बजेपछि अन्तिम समयसम्म बजारले फेरि वृद्धिको लय समात्यो ।

कारोबार रकममा पनि उल्लेख्य वृद्धि देखिएको छ । आज ८ अर्ब २९ करोडको कारोबार भयो । जबकि अघिल्लो दिन ४ अर्ब ६८ करोडको कारोबार भएको थियो । आजको कारोबार रकम २ महिना (असार ३० यता)कै उच्च हो ।

सबै समूहगत सूचक बढेका छन् । बैंकिङ १.९०, विकास बैंक १.७६, फाइनान्स २.२३, होटल तथा पर्यटन १.४२, जलविद्युत् १.८४, लगानी २.५२, जीवन बीमा २.५९, उत्पादन तथा प्रशोधन ०.७७, माइक्रोफाइनान्स १.७५, निर्जीवन बीमा २.८२, अन्य २.१२ र व्यापार ०.९२ प्रतिशत बढे ।

आज २६५ कम्पनीको मूल्य बढ्दा १२ को घटेको छ भने एउटाको स्थिर रह्यो ।

धौलागिरि लघुवित्तको १४.९६, सिन्धु विकास बैंकको ११.०३, मल्टिपर्पस फाइनान्सको ९.७३, जानाकी फाइनान्सको ८.०६, मिडसोलु हाइड्रोपावरको ६.६७ प्रतिशत मूल्य बढेको छ ।

त्यस्तै बोटलर्स नेपाल बालाजुको २.९७, रिलायन्स स्पिनिङ मिल्सको १.९४, सर्वोत्तम पेन्टसको १.६६ प्रतिशत मूल्य घट्यो । आज धेरै कारोबार भएका कम्पनीमा रिलायन्स स्पिनिङ मिल्स, शिवम् सिमेन्ट, अपी पावर, एनआरएन इन्फ्रास्ट्रक्चर, लिबर्टी इनर्जी तथा लक्ष्मी सनराइज बैंक अगाडि रहे ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४